16 औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY






वर्ष-१६ ।। अङ्क : २२४ ॥ २०८१ असोज १० गते बिहिबार (26th Sep 2024 Thursday) **Pratidin** National Daily मूल्य-रु.५/-


# ६ समर्थकलाई पनि उपद्रव र ज्यान मार्ने उद्योगको मुद्दा



झापा(प्रस) । मंगलवार राति पक्राउ परेका दुर्गा प्रसाईका ६ जना समर्थकमाथि पनि आपराधिक उपद्रव र ज्यान मार्ने उद्योगको मुद्धा दर्ता गरिएको छ । दुईवटा भारतीय ट्रकमा आगजनी र चालकहरुलाई ज्यान मार्ने प्रयास भएपछि खोजतलास गर्ने क्रममा गएराति बिर्तामोड-१ चारपानेमा ७ जनालाई बिर्तामोड प्रहरीले पक्राउ गरेको थियो । पक्राउ पर्नेहरुमा राष्ट्र राष्ट्रियता धर्म संस्कृति नागरिक बचाउ महाअभियान झापाका सदस्य हल्दिवारी- १ बस्ने २४ वर्षीय विवश लिम्बू , अभियान झापाका जिल्ला सदस्य बुद्धशान्ति- ४ बस्ने १९ वर्षीय बलिहाङ मावो लिम्बू , अभियानका मेचीनगर नगर इन्चार्ज मेचीनगर- ६ बस्ने ३४ वर्षीय राजेश महत , अभियानका जिल्ला कोषाध्यक्ष अर्जुनधारा -९ बस्ने ३८ वर्षीय रुद्र भुजेल , अभियानका सल्लाहकार सदस्य हल्दिबारी- १ बस्ने ५१ वर्षीय विरबहादुर गुरुङ र अभियानका सदस्य बिर्तामोड- ३ बस्ने ३५ वर्षीय उदय लिम्बू रहेका छन् । प्रहरीले ७ जनालाई पक्राउ गरेकोमा हल्दिबारी- १ बस्ने ४७ वर्षीय खेमराज दाहाल सवारी चालक भएको र ट्रक आगजनीलगायतका घटनामा संलग्न नरहेको पुष्टि भएपछि उनलाई छोडिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

पक्राउ परेकाहरुलाई उपद्रव र ज्यान मार्ने उद्योगमा झापा जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा डीएसपी कृष्णकुमार चन्दले बताए । यसअघि प्रहरीले अभियानको भ्रातृ संस्था पीडीएफका झापा संयोजक ४० वर्षीय भिम तुम्बापो लिम्बू र अभियानका झापा सहसचिव ३३ वर्षीय सुरेश चौधरीलाई पक्राउ गरेको थियो ।

उनीहरुमाथि पनि आपराधिक उपद्रव र ज्यान मार्ने उद्योगको मुद्धा दर्ता भएको छ । दुर्गा प्रसाईका समर्थकहरुले असोज ६ गते राति दुईवटा भारतीय ट्रकमा आगजनी गर्नुका साथै ट्रक चालकलाई समेत ज्यान मार्ने प्रयास गरेका थिए ।

# प्रसाईंलाई थप पाँच दिन थुनामा राख्न अनुमति



झापा(प्रस) । बीएण्डसी अस्पतालका संचालक दुर्गा प्रसाईंलाई थप पाँच दिन हिरासतमा राख्न काठमाडौं जिल्ला अदालतले अनुमति दिएको छ।

अदालतका सूचना अधिकारी मेलिश बास्कोटाका अनुसार बुधबार म्याद थपका लागि उनलाई काठमाडौं जिल्ला अदालत पेस गरिएकोमा न्यायाधीश श्यामविहारी मौर्यले ५ दिन हिरासतमा राखेर अनुसन्धान गर्न अनुमति दिएका हुन्। उनलाई सिंहदरबार प्रहरी वृत्तमा राखिएको छ। उनलाई साइबर ब्युरोले भक्तपुरस्थित निवासबाट आइतबार पक्राउ गरेको थियो। सोमबार उनलाई तीन दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको थियो। मंगलबार सरकारी वकिल कार्यालयले उनको बयान लिएको थियो।

क्यान्सर, मुटु र उच्च रक्तचापको बिरामी भएकाले उनलाई हिरासतमा राख्न नमिल्ने उनका कानुन व्यवसायी सुरेन्द्र भण्डारीले बताए । उनले भने, 'अस्पतालले डिस्चार्ज नगरेपछि प्रहरीले जबरजस्ती उहाँलाई सिंहदरबार वृत्तको हिरासतमा राखेको छ ।'

प्रसाईंले हिरासतमा अनशन बस्ने घोषणा गरेका छन् । विद्युतीय कारोबार ऐन-२०६३ अनुसार आरोप पुष्टि भएमा ५ वर्षसम्म कैद सजाय र १ लाखसम्म जरिवाना हुने व्यवस्था छ । बीएण्डसी हस्पिटलका संचालक प्रसाईंमाथि प्रहरीको साइबर ब्युरोले अनुसन्धान गरिरहेको छ । असोज ६ मा प्रसाईंलाई प्रहरीले भक्तपुरको थिमीस्थित उनको घरबाट पक्राउ गरेको हो । प्रसाईंसँगै बागलुङका जीवन पाण्डे र धादिङका प्रकाशचन्द्र दाहाललाई पनि पक्राउ गर्न प्रहरीले अदालतबाट अनुमति लिएको छ । उनीहरू फरार छन् ।जीवन पाण्डे युट्युब च्यानल 'देश दुनियाँ खबर'का सञ्चालक हुन्। सो युट्युबमा कार्यरत प्रकाशचन्द्र दाहालले प्रसाईंको अन्तर्वार्ता लिएर साइबर कानुन आकर्षित हुनेगरी प्रसारण गरेको आरोप छ ।प्रसाईंविरुद्ध राष्ट्रिय स्वतन्त्र पार्टीकी केन्द्रीय सदस्य बिर्तामोड १० की ज्वाला संग्रौलाले आफ्नो 'चरित्रहत्या गरेको' भन्दै जाहेरी दिएकी छन् ।

अर्का एकजना पुरुषले पनि उनीविरुद्ध जाहेरी दिएको साइबर ब्युरोका एसपी भागेन्द्रपुरुष ढकालले बताए । उनले भने, 'दुई जनाको जाहेरी दर्ता भएको छ, त्यसमाथि हामी अनुसन्धान गर्दैछौं ।'

# चट्याङले लागेर दमकका मोतेको मृत्यु

झापा(प्रस) । वर्षासंगै परेको चट्याङले लागेर झापा दमकका एक व्यक्तिको मृत्यु भएको छ । दमक -४ घर भई मोरङको मिक्लाजुङ- ३ तेह्रथुमे टोल बस्ने भक्तबहादुर नेपालीको घर बनाउनको लागि गएका ३६ वर्षीय कुमार मोतेको चट्याङले लागेर मृत्यु भएको हो ।

मंगलवार राति १० बजे भान्सा कोठा अगाडी उभिएको अवस्थामा चट्याङले लागेर मोते बेहोस भई लडेका थिए । घाइतेलाई उपचारको लागि दमक अस्पताल ल्याइएकोमा उपचारका क्रममा राति ११.३० बजे मृत्यु भएको प्रहरीले जनाएको छ ।

त्यस्तै मोरङको रङ्गेली नगरपालिका- ९ धनजुवामा मंगलबार चट्याङ लागेर एक महिलाको मृत्यु भएको छ। लखिराम हेमरमकी श्रीमती ४५ वर्षीया साक्रो हेमरमको मृत्यु भएको प्रहरीले जनाएको छ । घरदेखि दुई किलोमिटर पश्चिममा रहेको धान खेतमा घाँस काट्दै गर्दा उनलाई चट्याङ लागेको थियो । सोही समयमा घाँस काट्दै गरेकी उनकी छोरी २२ वर्षीया विनिता हेमरम पनि चट्याङको चपेटामा परिन् । जसका कारण उनको कानबाट रगत निस्किए पनि उनलाई सामान्य चोट लागेको छ।इलाका प्रहरी कार्यालय दोमनाले घटनाबारे जानकारी पाएपछि तुरुन्तै प्रहरी टोलीलाई घटनास्थलमा पठाएको थियो। घाइते विनितालाई रङ्गेली अस्पतालमा उपचारका लागि पठाइएको इलाका प्रहरी कार्यालय रङ्गेलीले जनाएको छ ।

# घुस लिने र दिने दुवै अख्तियारको नियन्त्रणमा



झापा(प्रस) । घुस लिने बुद्धशान्तिका वडाध्यक्ष डिल्लीप्रसाद ओली र घुस दिने भारतीय नागरिक अमरनाथ चौहान दुवैलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नियन्त्रणमा लिएको छ ।

मंगलवार दिउँसो अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीबाट आएको टोलीले राति ९ बजेसम्म इलाका प्रहरी कार्यालय बिर्तामोडमा सर्जीमिन मुचुल्का बनाएको थियो । सो टोलीले राति नै दुवैजनालाई इटहरी लिएर गएको र बुधवार काठमाडौं लगिएको आयोगका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले बताए । उनले दुवैजनालाई नियन्त्रणमा लिई नियम अनुसार अनुसन्धान भइरहेको जानकारी दिए ।

बुद्धशान्ति- २ का वडा अध्यक्ष ओलीले सेवाग्राही अमरनाथ चौहानसँग जग्गा पास तथा लेनदेन सिफारिससम्बन्धी कार्यका लागि मंगलवार दिउँसो बिर्तामोडको हनुमान कम्प्लेक्स अगाडि ८० हजार रुपैयाँ घुस लिँदै गरेको अबस्थामा पक्राउ परेका थिए । वडाध्यक्ष पक्राउ परी निलम्बनमा परेपछि अब कसलाई कार्यवाहक दिने सम्बन्धमा बुद्धशान्ति गाउँपालिका कार्यालयले छलफल अघि बढाएको छ । स्थानीय शासन ऐनअनुसार कसलाई कार्यवाहक दिँदा उपयुक्त हुन्छ भनेर कानुनी परामर्श गरिरहेको बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईले बताए । उनले बिहीवार बस्ने कार्यपालिकाको बैठकले त्यसबारे निर्णय गर्ने जानकारी दिए ।

घुससहित पक्राउ परेका वडाध्यक्ष ओली नेपाली कांग्रेस बुद्धशान्ति २ का वडा सभापति हुन् । उनीमाथि पार्टीले कार्वाही अघि बढाएको छैन । वडाध्यक्ष ओलीमाथि मुद्धा दर्ता भएर निलम्बनमा परिसकेपछि जिल्ला समितिको बैठक बसेर पार्टीले कार्वाही गर्ने क्षेत्रीय सभापति खगेन्द्र मैनालीले बताए ।






# भद्रपुरमा दुर्गा पूजा तयारीबारे छलफल

भद्रपुर(प्रस) । नेपालीहरुको महान चाड बडादशैं नजिकिँदै गर्दा झापाको भद्रपुरमा परम्परागत रुपमा गरिँदै आएको दुर्गा पूजाको तयारीबारे छलफल भएको छ । भद्रपुर-६, मुख्य बजारस्थित दुर्गा मन्दिरमा दशैंमा गरिने सार्वजनिक पूजाको तयारीका सन्दर्भमा भद्रपुर नगरपालिकाको सभाहलमा सरोकारवालाबीच छलफल भएको हो ।

सार्वजनिक दुर्गा पूजा समितिका कार्यवाहक अध्यक्ष अजय साहेवालाको अध्यक्षता एवम् भद्रपुर नगरपालिकाका प्रमुख गणेश पोखरेलको प्रमुख आतिथ्यमा आयोजित छलफलमा झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलालगायत जिल्लास्थित तीनवटै सुरक्षा निकायका प्रमुखहरु, सरकारी निकायका प्रमुखहरु, भद्रपुर नगरपालिकाका जनप्रतिनिधिहरु, धार्मिक तथा सामाजिक संघ-संस्थाका प्रतिनिधि एवम् सञ्चारकर्मीहरुको उपस्थिति थियो ।

समितिका सचिव राजेन्द्र चापागाईंले सञ्चालन गरेको कार्यक्रममा परम्परागत रुपमा दशकौंदेखि भद्रपुरस्थित दुर्गा मन्दिरमा गरिँदै आएको पूजालाई यस वर्ष अझ भव्य, परिष्कृत कसरी बनाउन सकिन्छ ? भन्ने बारेमा छलफल भएको थियो ।

घटस्थापनादेखि विजयादशमीसम्म तिथि अनुसार गरिने पूजा विधिका बारेमा जानकारी गराइएको छलफलमा प्रजिअ बाँस्तोलाले पूजा अवधिभर सुरक्षाका लागि सुरक्षा निकायका सबै अंगलाई खटाइने जानकारी दिए । नगरप्रमुख पोखरेलले भद्रपुरमा गरिने दुर्गा पूजा हरेक वर्ष विशेष रहँदै आएको उल्लेख गर्दै यस वर्ष पूजालाई अझ भव्य बनाउने गरी जुट्न सबैलाई आग्रह गरे ।

# आगलागीबाट डेढ करोडको क्षति




झापा(प्रस) । विराटनगरको एक इलेक्ट्रिक साइकल र सफारी सोरुममा भएको आगलागीबाट १ करोड ५० लाख बराबरको क्षति भएको छ । विराटनगर महानगरपालिका-२ स्थित मुनालपथमा रहेको भव्य इन्टरनेशनलमा भएको आगलागीबाट सम्पूर्ण सामानहरु जलेर नष्ट हुँदा नगदसहित अन्दाजी १ करोड ५० लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । क्षति भएका सामानहरुमा इलेक्ट्रोनिक साइकल ४० वटा, इन्भर्टर ६० वटा, ब्याट्री २०० वटा, फर्निचरका सामानहरू , पार्ट्सहरू, सीसी क्यामेरा, ल्यापटप दुई वटा,एसी एउटा र प्रिन्टर एउटा रहेका छन् । उक्त आगलागी नेपाली सेना , नेपाल प्रहरी ,सशस्त्र प्रहरी , महानगरपालिकाको तीन वटा दमकल, दुहबी नगरपालिकाको एउटा दमकल र स्थानीय बासिन्दाको सहयोगमा नियन्त्रणमा आएको थियो ।

# बालविवाह एकीकृत कसुरमा अभियोजन नहुने

झापा(प्रस) ।सरकारवादी मुद्दा अभियोजनको अन्तिम अख्तियारी पाएको महान्यायाधिवक्ता कार्यालयले फौजदारी कसुरका मुद्दा मिलापत्रको दायरा बढाउने गरी मातहतका कार्यालयमा परिपत्र गरेको छ । मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११७ (२) तथा नेपाल सरकारवादी हुने फौजदारी मुद्दामा मिलापत्र आदेश अपनाउनुपर्ने मापदण्ड पालना गरेर मिलापत्रका विषय थप गरेको हो । कार्यालयको निर्देशन अनुसार सर्तभित्र रहेर बैङ्किङ कसुरका मुद्दा पनि अब मिलापत्र हुन सक्ने छन् ।
महान्यायाधिवक्ता रमेश बडालले व्यावहारिक समस्या सम्बोधन तथा अदालतहरूबाट भएको फैसलाको मर्म अनुसार तोकिएको मापदण्ड अपनाएर मिलापत्रको विषय थप गरिएको बताए । बडालले भने, “ठगी, बैङ्किङ कसुरलगायतका विषयलाई हामीले थप गरेका छौँ । रोक्का सम्पत्ति तथा बैङ्क खाता फिर्तालगायतका विषयमा नयाँ व्यवस्था सिफारिस भएका छन् ।” अभियोगपत्र दायर हुँदा कर्जा चुक्ता भइसकेको देखिएको अवस्थामा समेत बैङ्किङ कसुरमा सजायका माग दाबी गर्ने कार्य न्यायोचित नभएको भन्ने सर्वोच्चको फैसलाबमोजिम यस्ता कसुरलाई सामान्यतया अभियोजनमा नलैजाने परिपत्र कार्यालयले गरेको छ । कार्यालयले बैङ्किङ कसुर वा सहकारी ऐन अन्तर्गतको कसुरमा मुद्दा दायरअघि नै तिर्नुपर्ने सावाँ, ब्याज भुक्तान गरेको प्रमाण पेस गरेमा अभियोजन नगर्ने परिपत्र गरेको हो । यदि यस्ता मुद्दा अभियोजन भएको अवस्थामा पनि मिलापत्रमा पुऱ्याउनुपर्ने प्रक्रिया पूरा गरी पक्षहरूले चाहेमा मिलापत्र गराउन दिने निर्णयको परिपत्र कार्यालयले गरेको हो । सिफारिस अनुसार कानुनी व्यक्तिबिच (कम्पनी) पनि अब मिलापत्र हुन सक्ने छ ।
निर्णय अनुसार सर्वसाधारणको ठगी, अनुचित लेनदेन, सर्वसाधारणको सम्पत्तिको हानि नोक्सानीसम्बन्धी आपराधिक विश्वासघात, नोक्सानीसम्बन्धी ठेक्का वा करारको काममा फरक पार्नेसम्बन्धी मुद्दामा पनि मिलापत्र हुन सक्ने छ । आपराधिक उपद्रवसम्बन्धी मुद्दा पनि मिलापत्र हुन सक्ने छ । फौजदारी कसुर अनुसन्धानको सिलसिलामा बैङ्क खाता वा सम्पत्ति रोक्का भएकोमा रोक्का रहेको खाताबाट बिगो वा क्षतिपूर्ति भराउन नपर्ने भएमा तत्काल फुकुवाका लागि पत्राचार गर्ने पनि निर्णय भएको छ । सम्पत्ति जफतको माग नभएको हकमा सम्पत्ति फुकुवाको पत्राचार पनि अभियोग दर्ता भएसँगै अनुसन्धान गर्ने निकायलाई लेखी पठाउनुपर्ने छ । यस्तै बिगो वा क्षतिपूर्ति भराउने हकमा पनि दाबी लिइएको हदसम्म मात्र रोक्का राख्नेका लागि मातहतका कार्यालयमा लेखी पठाउने निर्णय भएको छ । आरोपितलाई ५० हजार क्षतिपूर्ति भराउन माग भएमा ५० हजारभन्दा बढी रकम खातामा भए अन्य रकम फुकुवा गर्नुपर्ने निर्णय भएको हो ।
कार्यालयले अब पक्राउ पुर्जी जारी नभएका वा अनुसन्धानका क्रममा हिरासतमा नरहेका व्यक्तिउपर अभियोपत्र लैजाँदा फरार शब्दको सट्टा अनुपस्थित प्रतिवादी लेख्न परिपत्र गरेको छ ।

सहन्यायाधिवक्तालाई पुनरावेदन निर्णयको अधिकार महान्यायाधिवक्ताबाट सम्पादन हुनुपर्ने केही काम अब मातहतका कार्यालय प्रमुख सो सरहका अधिकारीबाट हुने भएका छन् । जस अनुसार मुद्दा पुनरवलोकनको निर्णय गर्ने अधिकार नायब महान्यायाधिवक्तामा हुने छ । यसअघि यस्तो अधिकार महान्यायाधिवक्तालाई थियो । यस्तै मुद्दा पुनरावेदनको अन्तिम निर्णय गर्ने अधिकार उच्च सरकारी वकिल कार्यालयको सहन्यायाधिवक्ता वा सो हैसियतमा काम गर्ने अधिकारीलाई तोकिएको छ । यस्तै मागदाबी लिइएको बिगोमध्ये बरामद भएको बिगो मात्र भराउने गरी फैसला भएमा सो हदसम्म पुनरावेदन गर्नुपर्ने अवस्था नभएमा निर्णय पनि उच्च सरकारी वकिल कार्यालयको सहन्यायाधिवक्ताबाट हुने छ । यस्तै कार्यालयले नाबालकले अभिभावकको मञ्जुरीबिना गरेको विवाहमा भइरहेको अभियोजन प्रक्रिया सुधार गर्ने पनि निर्णय गरेको छ । पछिल्ला समय सर्वोच्च अदालतबाट भएको फैसला र स्थलगत अनुगमनका आधारमा कार्यालयले यस्तो निर्णय गरेको हो । विवाहपछि अभिभावकको दबाबमा जाहेरी दर्ता भई जबर्जस्ती करणी, शरीर बन्धक तथा अपहरण र एकीकृत कसुरमा पनि अभियोजन हुने गरेकाले अभियोजन सुधारको निर्णय महान्यायाधिवक्ता कार्यालयले गरेको हो ।
यस्ता अभियोजनमा बालबालिकाको अधिकारलाई संरक्षण गर्नुपर्ने कार्यालयको निष्कर्ष छ । बालविवाहबाहेक अन्य परिणाम सिर्जना हुने अवस्था नदेखिए बालविवाह कसुरमा मात्र अनुसन्धान र अभियोजन गर्न मातहत कार्यालयमा परिपत्र भएको छ ।

# सात दिनदेखि बेपत्ता विजिता धानबारीमा मृत फेला



कनकाई(प्रस) । सात दिनदेखि हराइरहेकी झापा कनकाई नगरपालिका-२ की विजिता भण्डारी (माइली) मृत अवस्थामा फेला परेकी छन् ।

सुरुङ्गा- ३ स्थित ह्याप्पी ल्यान्ड छेउको धानबारीमा बुधवार दिउसो १२ बजे उनको शव फेला परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । शवलाई पोस्टमार्टमको लागि भद्रपुर अस्पताल पठाइएको छ । के कारणले माइलीको मृत्यु भयो भन्ने खुलेको छैन । घटनाको बारेमा प्रहरीले अनुसन्धान गरिरहेको जनाइएको छ । माइली असोज ३ गतेदेखि हराएकी थिइन । २१ वर्षीया माइली मानसिक र शारीरिक रुपमा कमजोर रहेकी थिइन् ।


## झापा सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि
भद्रपुर ७

## साधारण सभा सम्बन्धि सूचना

प्रस्तुत विषयमा यस झापा सामुदायिक वचत तथा ऋण सहकारी संस्था लि.भद्रपुर ७, चन्द्रगढीको अठारौं वार्षिक ईकाई साधारण सभा निम्न मिति, समय र स्थानमा सु-सम्पन्न गर्ने निश्चय भएको हुँदा सम्पुर्ण शेयर सदस्य ज्यूहरुको उपर्सथितिका लागि यो सुचना प्रकाशित गरिएको छ ।

कार्यक्रम

| मिति | ईकाई नं | साधारण सभा हुने स्थान (ईकाई) | समय |
|---|---|---|---|
| २०८१/६/१४ | ३, विसम टोल हुदै सरस्वतीचौक देखी अन्जनीमोड, गारमेन्ट, हल्दिवारी,जलथल सम्मका सदस्य ज्युहरु | शंकटेश्वर पान्चायन मन्दिर | विहान ठिक ११.०० वजे |
| २०८१/६/१५ | ४, केन्द्रमोड,चैतुवारी पश्चिम विर्तामोड सम्मका शेयर सदस्यज्युहरु | गणेश पाच्चायन मन्दिर, देउनिया | दिउसो ठिक २.०० वजे |
| २०८१/६/१८ | २, डागिवारी,घोडामारा,मेचिनगर र धनुषमोड देखी पुहातुवारी सम्मका सदस्यज्युहरु | मुना सामुदायिक भवन, देवकोटा चौक | विहान ठिक ११.०० वजे |
| २०८१/६/१९ | १, चन्द्रगढी,एस पि मोड हुदै भद्रपुर वजार,शान्तिचौक,पोखरेलटोल,र काफ्लेटोलका सदस्य ज्युहरु | वीरेन्द्र मा.वी. चन्द्रगढी | विहान ठिक ११.०० वजे |

२०८१/०७/२४ : वार्षिक मुल साधारण सभा ,
जि.स.स.को सभाहल चन्द्रगढी झापा, बिहान ठीक १०:०० बजे

हरिप्रसाद गौतम
अध्यक्ष


# जंगली च्याउ खाएर एकै परिवारका तीनजना सिकिस्त

झापा(प्रस) । जंगली च्याउ खाएर मोरङको बूढीगंगा- ६ मा एकै परिवारका तीनजना सिकिस्त भएका छन् । मंगलवार राति ८ बजे बूढीगंगा-६ औलानपुरमा जंगली च्याउ खाँदा २९ वर्षीय इन्द्रकुमार लिम्बू, उनका छोरीहरु ८ वर्षीया सन्जोती लिम्बू र ७ वर्षीया एलिशा लिम्बू सिकिस्त भएका हुन् । उनीहरुलाई राति ११ बजे उपचारका लागि बिराट टिचिङ अस्पताल बिराटनगरमा भर्ना गरिएको छ । बुबा इन्द्रबहादुर र ठुली छोरी सन्जोतीको अवस्था मध्यम र कान्छी छोरी एलिशाको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ । च्याउ खाएर बान्ता हुने , छाती दुख्ने समस्या भएपछि उनीहरुलाई अस्पताल लगिएको थियो ।

# भदौ महिनामा ५७ हजार नेपाली बिदेसिए

झापा(प्रस) ।वैदेशिक रोजगारीका लागि एक महिनामै ५७ हजार भन्दा बढी नेपाली बिदेसिएका छन् । भदौ महिनामा वैदेशिक रोजगारीमा ५७ हजार ४९३ जना नेपाली बिदेसिएका हुन् ।

वैदेशिक रोजगार विभागको तथ्याङ्कअनुसार भदौ महिनामा पहिलो पटक श्रम स्वीकृति लिएर ३९ हजार ५५७ नेपाली बिदेसिएका छन् । भने १७ हजार ९३६ जनाले पुनः श्रम स्वीकृति लिएका छन् । त्यसरी बाहिरिनेमा ५० हजार ७७० पुरुष र ६ हजार ७२३ महिला रहेका छन् । म्यानपावर कम्पनीमार्फत २९ हजार ५२८ जना गएका छन् भने व्यक्तिगत श्रम स्वीकृति लिएर ९ हजार २६ जना गएका छन् । त्यस्तै जीटुजीमार्फत एक हजार ३ जना गएका छन् ।

भदौ महिनामा सबैभन्दा बढी युएईमा गएका छन् । यूएईमा १८ हजार ६०५ जना नेपाली गएका छन् । त्यस्तै कतारमा ११ हजार २९१, साउदी अरेबियामा १० हजार ८३५,कुवेतमा चार हजार २१५, रोमानियामा एक हजार ८८८ जना नेपाली गएको विभागको तथ्याङ्क छ ।
मलेसिया जाने श्रमिकमा भने व्यापक गिरावट आएको छ । कुनै समय प्रमुख श्रम गन्तव्य मुलुक रहेको मलेसियामा भदौ महिनामा भने एक हजार १९५ श्रमिक गएका छन् ।मलेसियाले गत मार्चमा आप्रवासी कटौती गर्ने निर्णय गरेसँगै गिरावट आएको हो ।

# लागूऔषधसहित राई पक्राउ

झापा(प्रस) । लागूऔषधसहित सुनसरीको बराहक्षेत्रमा एकजना पक्राउ परेका छन् ।
मंगलवार साँझ ७:३० बजे बराहक्षेत्र -६ बस्ने २० वर्षीय आशिष राईलाई इलाका प्रहरी कार्यालय महेन्द्रनगरले लागूऔषधसहित पक्राउ गरेको हो । । प्रहरीको गस्ती टोलीले शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ट्रमाडोल ३५५ पिस ट्याब्लेट र स्पासरेस्ट २३० ट्याब्लेट फेला परेको थियो ।पक्राउ परेका राईमाथि आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


## बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

## राष्ट्रिय परिचयपत्रको लागि फोटो खिचाउने कार्य स्थगन गरिएको सूचना

प्रस्तुत विषयमा यस नगरपालिका कार्यालयमा अनलाईन मार्फत राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गरिदै आईरहेको र हाल विवरण दर्ता गराउने सेवाग्राहीहरुको चाप न्युन रहेको साथै २०७७ सालमा घुम्ती शिविर मार्फत दर्ता भएका विवरणहरु मध्ये स्वीकृत भई छपाई पश्चात प्राप्त राष्ट्रिय परिचयपत्र कार्ड वितरण कार्य वडाबाट सञ्चालन गर्न स्टेसन स्थानान्तरण गरिने हुँदा फोटो खिचाउने कार्य तथा वडा नं. ०१ र ०३ को कार्ड वितरण कार्य समेत हाललाई स्थगन गरिएको व्यहोरा सम्पुर्ण नगरबासीहरुमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नोटः- आवश्यकता अनुसार अर्को सूचना प्रकाशन गर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत



## बिमालेख हरायो

कचनकवल निवासी कमला थेवेको नाममा रहेको एल.आई.सि. को २०००२३९५४ नम्बरको पोलिसी पेपर कचनकवलबाट चन्द्रगढी जाने क्रममा २०८१/०५/०५ गते हराएको हुँदा भेट्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा तलको नम्बरमा सम्पर्क गरिदिनु होला ।

सम्पर्क : कमला थेवे
ठेगाना: कचनकवल-७, झापा


# इटहरी यातायात कार्यालयबाट १७ जना बिचौलिया पक्राउ



झापा(प्रस) । यातायात व्यवस्था कार्यालय इटहरीबाट १७ बिचौलिया पक्राउ परेका छन् । बुधबार दिउँसो प्रहरी टोलीले यातायात कार्यालय पुगेर उनीहरूलाई पक्राउ गरेको हो ।
यातायात कार्यालयमा बिचौलियाले अनावश्यक दुःख दिने गरेको गुनासोको आधारमा सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीसहितको प्रहरी टोली अनुगमनमा पुगेको थियो । कार्यालयका महत्वपूर्ण कागजात नै लेखापढी केन्द्रसम्म लगी सेवाग्राहीसँग काम गरिदिने भन्दै मोलतोल गर्ने गरेको गुनासो प्रशासनसमक्ष पुगेको बताइएको छ । उनीहरूले सवारी चालक अनुमतिपत्र चाँडै निकालिदिने भन्दै सेवाग्राहीसँग रकम असुली गर्ने गरेका छन् ।

इलाका प्रहरी कार्यलय इटहरीका अनुसार पक्राउ परेकाहरूको विषयमा अनुसन्धान सुरु गरिएको छ । प्रदेश सरकार मातहत रहेको यातायात कार्यालयमा सेवाग्राहीले अत्यधिक सास्ती पाउने गरेको जनगुनासो बढ्दो छ ।


## मोटरसाइकल सर्भिसिङ
गर्नुपरेमा हामीलाई सम्झनुहोस्

भद्रपुर मेचीपारी अनुभवी टेक्निसियनद्वारा मोटरसाइकलको राम्रो सर्भिसिङ गर्नुका साथै सरल तथा सुपथ मूल्यमा पार्टसहरु पाइन्छ । आउनुहोस् सेवा गर्ने मौका दिनुहोस् ।



सम्पर्क :
सेवा ग्यारेज
गलगलिया, भादगाउँ (मेचीपारी)
मो. ९७६३५२८४२०,९७०३२९५२८१
इन्डियन नं. +९१९६०८३४७५२३





## श्री गोलोक गोवर्धन गौशाला
शिवसताक्षी नगरपालिका वडा नं. ११, सतासीधाम, झापा

## साधारण सभा सम्बन्धी सूचना

उपरोक्त विषयमा शिवसताक्षीको पहिचान, धार्मिक तथा पर्यटकीय आस्थाको प्रतिक, विश्वको एकमात्र सताक्षीधाममा गौसंरक्षण सम्वर्धन तथा सेवामूलक सामाजिक, धार्मिक तथा पर्यटकीय आस्थाका विभिन्न आयाम, गौशाला, पाठशाला तथा देवालयहरु संचालन गर्दै आएको यस गोलोक गोवर्धन गौशालाको मिति २०८१/०५/१५ गतेको कार्यसमिति बैठकको निर्णय अनुसार नवौं बार्षिक साधारण सभा तथा तेस्रो अधिवेशन निम्न मिति, समय र स्थानमा हुने निश्चय भएको हुँदा गरिमामय उपस्थितिका लागि अनुरोध गरिन्छ ।

तपशिलः
मिति- २०८१/०६/१२ गते
समय- प्रातः ११:०० बजेदेखि
स्थान - गोलोक गोवर्धन गौशालाको प्राङ्गण
शिवसताक्षी नगरपालिका वडा नं ११, सताक्षीधाम, झापा
सम्पर्कः ९८४४६६३६५२

घनश्याम अधिकारी
सचिव

आचार्य नन्दकिशोर भारद्वाज
अध्यक्ष






कपुरी मोटोकर्प बिर्तामोड-४, भद्रपुर रोड, झापा
फोन : ०२३-५३०४५२


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# सकारात्मक पहल

विश्वमा हरेक वर्ष २० लाख मानिसलाई सर्पले डस्ने गरेको तथ्याक्त छ । विश्व स्वास्थ्य संगठनका अनुसार यीमध्ये करिब एक लाख ३८ हजार जनाको त मृत्यु नै हुने गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दिएको जानकारी अनुसार नेपालमा बर्सेनि २० हजार जना सर्पले डसेर उपचारार्थ अस्पताल भर्ना हुने गरेका छन् ।खासगरी तराई/मधेशमा मात्रै सर्पदंशबाट बर्सेनि दुई हजार छ सय जनाको मृत्यु हुने गरेको तितो यथार्थ सावर्जनिक छ । यस्तो डरलाग्दो अवस्थामा पनि सर्पदंशको उपचारका लागि मुलुकमा कुनै किसिमको औषधीको उपलब्धता नहुँदा खास गरी भारतबाट आयात गर्नुपर्ने बाध्यात्मक अवस्था छ । भारतमा उत्पादित सर्पदंशविरुद्धको खोप (एन्टी स्नेक भेनम) निकासीमा प्रतिबन्ध लगाउने अदालती आदेशको समाचारले थप चिन्तित बनाउनु स्वाभाविक हो । अब भने मुलुकमै पहिलो पटक निजी लगानीबाट स्थापना गरिएको 'एन्टी स्नेक भेनम' उत्पादन उद्योग आफैँले सर्प पाल्ने इजाजत प्राप्त गरेकोले सर्पदंशविरुद्धको खोप उत्पादन हुने निश्चित भएको छ ।

सुनसरीको वराहक्षेत्र नगरपालिका–३ मा रहेको 'एन्टी स्नेक भेनम' उत्पादन उद्योग स्थापना भएको १२ वर्षसम्म पनि उद्योगले आवश्यक विष सक्तलन गर्न सर्प पाल्ने अनुमति नपाउनुमा कारण जे जस्तो भए पनि यसलाई गम्भीर कमजोरी मान्नु पर्छ । सर्प पाल्ने अनुमति पाएसँगै उद्योग सञ्चालनमा ल्याउन बल्ल बाटो खुलेको भन्दै खुसी व्यक्त गरिएको छ । सर्पदंश उपचार केन्द्रस्थापनाका नाममा केही समयअघि भएको ठुलो घोटालाले धेरैलाई झस्काएको पनि छ । नेपाल सरकार र मधेश प्रदेशको आर्थिक दायित्व रहने गरी सर्पदंश उपचार केन्द्र स्थापनार्थ झलनाथ खनाल स्वास्थ्य विज्ञान प्रतिष्ठान (हाल राष्ट्रिय स्वास्थ्य विज्ञान तथा अनुसन्धान परिषद्) स्थापना गरिएको स्मरणीय छ । विसं २०७१ मा कम्पनी रजिस्ट्रार कार्यालय र समाज कल्याण परिषद्मा दर्ता गरिएको प्रतिष्ठानले कुनै काम नै नगरी करिब १८ करोड रुपियाँ हिनामिना गरेको विशेष अदालतबाट ठहर भइसकेको छ । मधेश सरकार, लालबन्दी नगरपालिका र प्रतिष्ठानबिच ७२ करोड रुपियाँमा आयोजना सञ्चालन गर्ने समझदारी भएकोमा पहिलो चरणमै दोषी देखिएपछि प्रतिष्ठान अलपत्र परेको छ ।

सर्पदंशको उपचार गर्न सर्पकै विष आवश्यक पर्ने भएकाले सर्प पाल्नैपर्ने बाध्यता उद्योगसामु थियो । यसका लागि वन मन्त्रालय अन्तर्गतको राष्ट्रिय निकुञ्ज विभागको अनुमति प्राप्त गर्नुपर्ने हुँदा अनेक उल्झन सुल्झाउन समय लागेको हुन सक्छ । 'एन्टी स्नेक भेनम' उत्पादन गर्न सर्प मात्र पालेर नहुने विज्ञहरूको भनाइ छ । यसका लागि घोडा, खरायो र मुसा पनि सँगै पाल्नु पर्छ । विज्ञहरूका अनुसार, सर्पबाट निकालिएको विष सुईमार्फत घोडामा प्रवाह गरेपछि उक्त घोडामा प्रतिरक्षात्मक (एन्टिबडी) पदार्थ बन्छ । पुनः सुईमार्फत घोडाको रगत तानेर प्लाज्मा निकालिन्छ र औषधी तयार गर्न उपयोग गरिन्छ । औषधीलाई मानिसमा प्रयोग गर्नुअघि मुसा वा खरायोमा परीक्षण गरिने गरिएको छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्रशासनिक नेतृत्वको भूमिका



• कृष्णहरि बास्कोटा

स्थानीय सरकारहरू संघीय शासन प्रणालीका बलिया खम्बा हुन् । यहाँको राजनीतिक नेतृत्वको बागडोर नगर प्रमुख वा गाउँपालिका अध्यक्षमा र प्रशासनिक नेतृत्व प्रमुख प्रशासकीय अधिकृतको काँधमा रहेको छ । प्रमुख प्रशासकीय अधिकृत नेपाल सरकारका प्रतिनिधि हुन् । यिनीहरूकै प्रशासनिक नेतृत्वमा स्थानीय सरकार गतिशील, उत्पादक र सफल बनेको पाइन्छ । यथार्थमा प्रमुख प्रशासकीय अधिकृत स्थानीय सरकारका मियो हुन् । यिनीहरू राजनीतिक दलबिचका समन्वयकारी संस्था हुन् । यिनीहरूले नै विधिको शासनको अगुवाइ गरेका हुन्छन् ।

प्रमुख प्रशासकीय अधिकृतले कार्य सफलताका लागि राजनीति र प्रशासनबिच असल सम्बन्ध कायम गर्नु पर्छ । यसका लागि सर्वप्रथम उनीहरू सङ्घीय गणतन्त्रात्मक लोकतन्त्रप्रति मन, वचन र कर्मले प्रतिबद्ध हुनु पर्छ । यस अनुरूप उनीहरूले जनताबाट अनुमोदित भएका जनप्रतिनिधिले निर्माण गरेका नीतिलाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्नु पर्छ । कर्मचारीतन्त्र दलगत राजनीतिबाट तटस्थ रहनु पर्छ । प्रचलित कानुनी व्यवस्थाको गहन अध्ययन र कार्यान्वयनमा अग्रसर हुनु पर्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ बमोजिम कुनै पनि स्थानीय सरकारले दीर्घकालीन सोचका आधारमा आवधिक योजना निर्माण गर्नु पर्छ । सोही आवधिक योजनाका आधारमा आयोजना बैङ्क निर्माण गरी त्रिवर्षीय खर्च संरचना बनाउनु पर्छ । यही तीनबर्से रणनीतिक रोडम्यापमा रही वार्षिक नीति र कार्यक्रम तथा वार्षिक बजेट निर्माण गर्दा विवाद नहुने र आमजनतालाई लाभ पुग्ने हुन्छ । हरेक स्थानीय सरकारले वार्षिक बजेट निर्माण गर्दा सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा समावेशी जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने कानुनी व्यवस्था छ । यसको सहजीकरण गर्नु प्रमुख प्रशासकीय अधिकृतको कर्तव्य हो ।

स्थानीय सरकार सञ्चालन ऐनमा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने, उत्पादन तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने तथा स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा कम लागत लाग्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यसै गरी, स्थानीय स्रोतसाधन, सिपको अधिकतम प्रयोग हुने, महिला, बालबालिका तथा पिछडिएका वर्ग र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पुऱ्याउने र भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने कार्यक्रमहरूलाई प्राथमिकता दिनुपर्ने कानुनी व्यवस्था छ । यस अन्तर्गत पर्ने आयाजनाहरूको सूची तयार गरी वार्षिक योजना तर्जुमामा निर्वाचित जनप्रतिनिधिलाई सघाउनु प्रमुख प्रशासकीय अधिकृतको प्रमुख कर्तव्य हो ।

स्थानीय सरकार सञ्चालन ऐनमा बृहत् पूर्वाधार निर्माण, ठुला मेसिन तथा औजार खरिद, विपत् व्यवस्थापन, यातायात सञ्चालन तथा व्यवस्थापन र फोहोरमैला व्यवस्थापनको काम छिमेकी पालिकाहरूसँग मिलेर गर्नुपर्ने व्यवस्था छ । साथै, बस्ती विकास र भूउपयोग योजना, पर्यटन प्रवर्धन र सांस्कृतिक विकास, संयुक्त उद्यम, आधारभूत र माध्यमिक शिक्षा तथा प्राविधिक शिक्षा तथा स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षणसम्बन्धी काममा पनि छिमेकी पालिकासँग सहकार्यको खोजी गर्नु पर्छ । यी काममा प्रमुख प्रशासकीय अधिकृतले अहम् भूमिका निर्वाह गर्नु पर्छ ।

कानुनले गाउँ र नगर सभालाई व्यवस्थापिकाको भूमिका प्रदान गरेको छ । यसर्थ, सभा सञ्चालन र स्थानीय तहमा कानुन निर्माणका लागि नेपालको संविधानको धारा २२६ र २२७ तथा स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को प्रावधानको अनुसरण गर्नु पर्छ । यस प्रयोजनका लागि सबै प्रदेश सभाबाट गाउँ तथा नगर सभा सञ्चालन र कानुन निर्माणका लागि छुट्टाछुट्टै कार्यविधि जारी भएका छन् । साथै, निर्वाचित जनप्रतिनिधिका सुविधासम्बन्धी कानुन पनि जारी भएका छन् । यस्ता प्रादेशिक कानुनका बारेमा प्रमुख प्रशासकीय अधिकृतले सबै जनप्रतिनिधि र कर्मचारीलाई जानकारी गराउनु पर्छ ।

उदाहरणका लागि बागमती प्रदेश सभाबाट जारी भएको सभा सञ्चालनको कार्यविधि अनुसार सामान्यतः नगर प्रमुख वा अध्यक्षले सभाको अधिवेशन वर्षमा दुई पटक आह्वान गर्नु पर्छ । यदि एक चौथाइले माग गरेमा एक महिनाभित्र विशेष सभा बोलाउनु पर्छ । सभा पालिकाको केन्द्र भएको स्थानमा बस्छ । सभाहलमा आशन ग्रहण पूर्व नै उपस्थितिमा हस्ताक्षर गर्नु पर्छ । सभाको गणपुरक सङ्ख्या ५० प्रतिशत हुन्छ । सामान्यतः सभाको कार्यसूची ४८ घण्टाअघि वितरण गर्नु पर्छ । सभाको निर्णय बहुमतबाट हुन्छ । सभा सञ्चालनमा सदस्यहरूले तोकिएको आचरणको पालना गर्नु पर्छ । एउटा विषयमा एक पटक मात्रै बोल्न पाइन्छ । माइन्युट बुक सभा बाहिर लैजान पाइँदैन । निर्णयको प्रमाणीकरण सभाको अध्यक्ष अर्थात् नगर प्रमुख वा अध्यक्षबाट हुन्छ । यति कानुनी प्रावधानका विषयमा सबै जनप्रतिनिधि र कर्मचारीलाई पूर्व जानकारी हुँदा पनि आपसी सम्बन्ध प्रगाढ हुने अनुभवले प्रमाणित गरेको छ ।

यसैगरी, कर्णाली प्रदेश सभाबाट जारी भएको कानुन निर्माण गर्ने कार्यविधि अनुसार स्थानीय कानुन निर्माण गर्दा संविधान, प्रचलित कानुन, अदालतका आदेशलगायत अध्ययन गर्ने, आवश्यकता पहिचान गर्ने, समिति गठन गर्ने, सुझाव सङ्कलन गर्ने लगायत कार्य गर्नु पर्छ । तत्पश्चात् कार्यपालिका र सभाबाट विधयेक पारित गर्न तोकिएको विधिको अनुसरण गर्नु पर्छ । सभामा विधयेकको मस्यौदा पेस गर्दा तोकिएको कागजात संलग्न गरी विधयेक वितरण गर्नु पर्छ । विधयेकउपर विरोधको सूचना दिने, सुरुमा सामान्य छलफल र त्यसपछि समितिमा संशोधन प्रस्तावसहित दफावार छलफल गर्ने, पारित गर्ने, प्रमाणीकरण गर्ने, अभिलेख राख्ने र स्थानीय राजपत्रमा प्रकाशित गर्ने तथा वेबसाइटमा राख्ने जस्ता विषयमा प्रमुख प्रशासकीय अधिकृतले सक्रिय भूमिका निर्वाह गर्दा जनप्रतिनिधि र कर्मचारीबिचको सम्बन्ध कसिलो हुन पुग्छ ।

यस अतिरिक्त नगरपालिकाका प्रमुख र उपप्रमुख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा वडाध्यक्षहरूले पाउने सेवा सुविधाबारे फरासिलो ढङ्गले जानकारी दिई कार्यसञ्चालन गर्ने प्रमुख प्रशाकीय अधिकृतहरू तुलनात्मक रूपमा सफल देखिएका छन् ।

प्रचलित कानुनी व्यवस्थालाई नियाल्दा प्रमुख प्रशासकीय अधिकृतले सभा र कार्यपालिकाको सचिवको रूपमा भूमिका निर्वाह गर्नु पर्छ । साथै, तहाँबाट भएका निर्णय कार्यान्वयन गर्नु गराउनु पर्छ । यसै गरी, निजले वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमनमा प्रभावकारी योगदान दिनु पर्छ । प्रमुख प्रशासकीय अधिकृतले भ्रष्टाचार नियन्त्रणमा शून्य सहनशीलताको नीति अख्तियार गर्दै बेरुजुरहित पालिका बनाउन भरमग्दुर प्रयास गर्नु पर्छ । यसै गरी, पुँजीगत बजेटको खर्च वृद्धि गर्न, फजुल खर्च नियन्त्रण गर्न र पालिकाभित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा गर्न निकै चनाखो हुनु पर्छ । पालिकाको स्वमूल्याङ्कन, वित्तीय जोखिम न्यूनीकरण, बालमैत्री शासनलगायतका सूचकाङ्कमा पालिकालाई उत्कृष्ट स्थानमा पुऱ्याउन पहल गर्नु पर्छ । यिनै कामको माध्यमद्वारा प्रमुख प्रशसकीय अधिकृतले राजनीतिक क्षेत्रसँग नजिकको सुमधुर सम्बन्ध स्थापित गर्न सक्छन् ।

अन्त्यमा, ७५३ वटा पालिकामा खटिएका प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सरकारमा समन्वयकारी एवं सहजकर्ताको भूमिका निर्वाह गर्नु पर्छ । यसका लागि स्वयम् उनीहरू रोडमोडल हुन जरुरी छ । योजना तर्जुमा दिग्दर्शनबमोजिम हरेक सम्भावित र प्रस्तावित योजनालाई वस्तुनिष्ठ भई अङ्क प्रदान गरी सर्वाधिक बढी अङ्क हासिल गर्ने योजनालाई बजेटमा समावेश गरेपछि राजनीतिक आग्रह पूर्वाग्रह स्वतः निस्तेज हुन पुग्छ । आर्थिक सहायता, अनुदान, चन्दा, पुरस्कार र सबै प्रशासनिक खर्चको नर्म्स तयारी गरी लागु गरेपछि आपसी कलह हुने सम्भावना नै रहँदैन । हरेक पालिकामा कम्तीमा पाँच वटा विषयगत समिति हुन्छन् । सोही विषयगत समितिलाई सिलिङ दिएपछि वडागत सिलिङ दिने कार्य पनि स्वतः बन्द हुन्छ । आमकर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले काखापाखा नगरेपछि कर्मचारीतन्त्रमा दलीय राजनीतिको छाया पर्न पाउँदैन । प्रमुख प्रशासकीय अधिकृतले स्थानीय आर्थिक विकास, विभाज्य कोषको व्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक राजस्व असुलीमा वृद्धि, वडाबाट प्रवाह हुने सेवाको प्रभावकारितालगायतका विषयमा विशेष चासो राखेपछि जनताले पालिकाबाट लाभ पाउनुका साथै राजनीति र प्रशासनबिचको सम्बन्ध कसिलो बन्दै जान्छ । यस अतिरिक्त, पालिकाभित्र कार्यरत गैरसरकारी संस्था र सहकारीको नियमन, आन्तरिक लेखा परीक्षण, नागरिक वडापत्र, गुनासो व्यवस्थापन, हेल्प डेक्सको व्यवस्था, विपत् व्यवस्थापनलगायत कार्यमा चुस्तता र दुरुस्तताले प्रमुख प्रशासकीय अधिकृतको साख उच्च हुनुका साथै संघीय शासन प्रणालीको लाभ पनि आमजनताले पाउने कुरा विश्वस्त हुन सकिन्छ ।

# संघीयता कार्यान्वयनका चुनौती



• रूपचन्द्र अधिकारी




संघीय संरचनालाई आत्मसात् गरी नयाँ संविधान जारी भएको नौ वर्ष पुग्यो । नेपालको संविधानको धारा ४७ मा मौलिक हक कार्यान्वयनका लागि राज्यले आवश्यकता अनुसार यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्ने विषय पनि स्पष्ट रूपमा उल्लेख भएको छ ।

बाध्यकारी कानुन समयमा नै निर्माण हुनु एउटा सुखद पक्ष हो । यद्यपि राज्यको स्रोतसाधनको सीमितताका कारण सिर्जना हुने कार्यान्वयनका जटिलता आफैँमा चुनौतीपूर्ण छन् । संघीय व्यवस्थाको अवलम्बन भएसँगै राजनीतिक संरचनाको निर्माणका लागि छोटो समयमा धेरै कामहरू भए । राज्यको क्षमता अनुसार भौतिक संरचनाको व्यवस्थापन भयो । नियमित कार्यसञ्चालनका लागि कानुनी र नीतिगत संरचनाको व्यवस्थापन भयो । संघीय संरचनामा दोस्रो पटक संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ ।

संघीय संरचना अनुसार राजनीतिक पदाधिकारीले आफ्नो जिम्मेवारी समाल्ने काम लगभग समाप्त भएको छ । प्रशासनिक संघीयताको महत्वपूर्ण कार्यको रूपमा कर्मचारी प्रशासनलाई नयाँ शासकीय संरचनामा समायोजन गरियो, जस अनुसार कर्मचारीलाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा समायोजन गरी तत्कालका लागि प्रदेश र स्थानीय तहका सरकारलाई चलायमान बनाइयो । यसरी हेर्दा संघीयता कार्यान्वयनका लागि संविधानले कल्पना गरेको राजनीतिक संरचनाको निर्माण करिब पूर्ण भइसकेका छन् तर राज्य सञ्चालनको स्थायी संयन्त्रसँग सम्बन्धित् प्रशासनिक संघीयता अलपत्र झैं परेको छ । झन्झन् जटिल हुँदै गएको छ ।

राजनीतिक संघीयता सबल हुँदै जाँदा प्रशासनिक संघीयताको आधार पनि बलियो बन्नु पर्ने हो । यद्यपि विशिष्टिकृत कानुन निर्माण नहुँदा जनशक्तिको पदपूर्ति मात्र नभएर समग्र जनशक्ति व्यवस्थापनसँग सम्बन्धित अन्य पक्ष मिलाउन सकिएको छैन । सुरुवातमा संघ, प्रदेश र स्थानीय तहका लागि क्रमशः करिब ४५ हजार, २२ हजार र ७७ हजार जनशक्ति आवश्यक पर्ने अनुमान गरिएको थियो । सरकारका तहको कार्यबोझ र बढ्दै गएको राज्यको चालु खर्चको प्रवृत्तिले उक्त अनुमान उपयुक्त नभएको आजको अवस्थाले चित्रण गरेको छ । आज राज्यका हरेका नीति तथा कार्यक्रम कार्यान्वयनमा जनशक्ति अभावलाई प्रमुख समस्याको रूपमा अर्थ्याउने गरिन्छ । कार्यबोझ र आवश्यकताका तुलनामा अधिक जनशक्ति उपयोग भएर राज्यको स्रोतसाधनको खर्च उपयोगिता सिद्ध नभएको कमै मात्र सुनिन्छ । देशको प्रमुख प्रशासकीय संरचना रहेको सिंहदरबार भित्र देखिने कर्मचारीको फुर्सदिलो समयले जनशक्ति व्यवस्थापनमा भएको कमजोरी देखिन्छ नै । अन्य सहरी क्षेत्रमा हुने कार्यालयमा समेत औचित्यका आधारमा भन्दा पनि निरन्तरताका आधारमा जनशक्तिको उपलब्धता भएको देखिन्छ ।

कर्मचारी व्यवस्थापनका सम्पूर्ण पक्ष अलमलिएको जस्तो देखिन्छ । एकातर्फ प्रदेश संरचनाको औचित्य माथि प्रश्न उठ्न थालेको छ । अर्कातर्फ प्रदेश सरकारहरूमा जनशक्तिको अभाव रहेको भनिँदै आएको छ । प्रदेशको तुलनामा स्थानीय तहहरूलाई सबल बनाउनु पर्नेमा सबैको एकमत देखिन्छ ।

प्रदेश र स्थानीय तहमा माग भएबमोजिम पदपूर्ति गर्न प्रदेश लोक सेवा आयोगलाई कानुनी रूपमा कुनै अवरोध छैन । यति हुँदाहुँदै पनि स्थानीय तहमा प्राविधिक र अप्राविधिक दुवै जनशक्तिको पर्याप्त व्यवस्थापन हुन सकेको छैन । करार सेवाबाट काम चल्दै आएको छ । स्थानीय तहका कर्मचारीहरूले स्थानीय तहमा केवल रोजगारीको तत्कालीन आवश्यकता पूरा गर्ने मात्र सोच बनाउनु पर्ने बाध्यता छ । अब त्यहाँ कसरी काममा विशिष्टीकरण हासिल होला र कसरी विशिष्टिकृत सेवा प्रवाह होला ? करिब एक दशकको अभ्यासमा स्थानीय तहमा कर्मचारीलाई टिकाइराख्न भएको प्रयासको यथेष्ठ उदाहरण खासै देखिँदैन ।

संघीय निजामती सेवा ऐन आज पनि संसद्मा दर्ता हुने र विषयगत समितिमा फिर्ता हुने क्रम चलिरहेको छ । कर्मचारीले संघबाट स्थानीय तह र प्रदेशमा समायोजन हुँदा अपमानित भएको बताउने गरेका थिए । तत्कालीन समयमा समायोजन भएर जाने कर्मचारीको भावना सुनिएन । आज एक दशकपछि संघीय कानुनमा पुनः एक पटक समायोजन संशोधनको अवसर दिनुपर्ने बहस हुन थालेको छ ।

यसको व्यावहारिकता प्रस्टै छ कि, अवसर पाउँदा स्थानीय तहमा समायोजन हुने सबैले संघीय तह छनोट गर्ने निश्चित छ । यो एउटा प्रमाणित तथ्य हो कि उच्चस्तरीय राजनीतिक तथा प्रशासनिक पदाधिकारीका अगाडि स्थानीय तहको संस्थागत सुदृढीकरण र कर्मचारीको स्थायित्व जस्ता विषय फिका बनेका छन् ।

जनशक्तिको उपयोगलाई स्वायत्ततासँग जोडेर हेर्दा राज्यलाई ठुलो आर्थिक भार परेको छ । पुरानो संरचनामा भएका कार्यालय तल्ला तहका सरकारमा हस्तान्तरण हुँदा जनशक्ति थप भएका छन् । केही संवैधानिक निकायको मान्यता मात्र विकेन्द्रित छ, संरचना संघमा नै केन्द्रित छ । प्रहरी समायोजनबारे प्रशस्त बहस हुने गरेको छ तर काम हुन सकेको छैन । नेपालको संविधानको धारा २३२ ले संघ, प्रदेश र स्थानीय तहको सम्बन्धमा सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात् गरेको छ । यिनै सिद्धान्तलाई आत्मसात् गर्न संघीय निजामती सेवाको कर्मचारी प्रदेश सरकारमा प्रमुख सचिव र स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको रूपमा नेतृत्वमा रहने व्यवस्था गरिएबमोजिम अभ्यास हुँदै आएको छ तर धेरै स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन हुन सकेको छैन । यो अवस्थामा स्थानीय कार्यपालिकाको निर्णयबमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सेवाको कर्मचारीलाई आर्थिक अधिकारसहित निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी प्रदान गर्दै आएको छ । यति हुँदा स्थानीय तहको सेवा प्रवाह भइरहेको छ । संघबाट कामकाजका लागि पठाइएको प्रमुख प्रशासकीय अधिकृतले गरेको कार्य उत्कृष्ट र निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट चलेका स्थानीय तहको कार्य सम्पादन स्तर कमजोर भएको उदाहरण पाइँदैन तर स्थानीय तह निमित्तको भरमा चलेको भाष्य सिर्जना भएको छ । संघले भर्खरै लोक सेवा आयोग पास गरेका कुनै अनुभव नभएको जनशक्ति खटाउँदा वा वर्षौं अनुभव हासिल गरेका कर्मचारी निमित्त हुँदा पनि त्यसै गरी चल्ने हुन् । आधा जसो स्थानीय तह निमित्तले चलाएका छन् भने त्यसलाई सबलता र विकास मान्नुपर्ने होइन र ? नमान्ने र मान्न नसक्ने हो भने कानुनमा भएको व्यवस्था कार्यान्वयन गर्न सक्नु पर्छ । वैधानिक शक्ति र स्रोत सम्पन्न सरकारले स्थानीय सरकारमा प्रशासकीय प्रमुख खटाउने सम्बन्धमा एउटा स्थिर र अनुमानयोग्य मापदण्ड निर्माण गरी कार्यान्वयन गर्न सक्नु पर्छ । वास्तविक अवस्थाको विपरीत सम्पूर्ण समस्या र दुरुपयोग स्थानीय तहमा छ भन्ने भाष्य निर्माण भएको छ । यो सरासर केन्द्रीकृत मानसिकताको उपज हो ।

संघीय संविधानले गरेको परिकल्पना सहकारिता, सहअस्तित्व र समन्वय हो । यद्यपि संघीय निजामती सेवा ऐन जस्तो महत्वपूर्ण कानुन निर्माणमा ढिलाइ हुँदा प्रशासनिक संयन्त्र प्रभावकारी हुन सकेको छैन । यसलाई चिर्न कानुन मात्र निर्माण भएर हुँदैन, प्रदेश र स्थानीय तहको प्रशासनिक स्थायित्वको पाटोलाई कहीँ कतै सम्बोधन गर्नै पर्ने देखिन्छ ।

# नेपालमा भ्रष्टाचारको संक्षिप्त नालीबेली



• प्रकाश अधिकारी

भ्रष्टाचार आज नेपाली समाजमा एक मूलभूत तत्वको रुपमा सम्मिलित भइसकेको छ। समाजको अपरिहार्य अंग भएको कारणले सार्वजनिक सेवा पनि यसको अपवाद छैन। भ्रष्टाचार उन्मूलन नैतिक अनिवार्यता सँगसँगै आर्थिक आवश्यकता पनि हो। आम नागरिकमा राजनेताका साथसाथै कर्मचारीगण पनि भ्रष्ट छन् भन्ने सर्वसामान्य धारणा छ। सरकारी अड्डाबाट छिटोछरितो र समयमा सेवा लिन सीधै वा 'बीचको मानिस'मार्फत खर्च नगरी हुँदैन भन्ने आम बुझाइ छ। आमरुपमा यो सत्य भएपनि सबै राजनेता र कर्मचारी लालची र बिकाउ छैनन्, इमानदार र नैतिकवान् पनि छन्। सरकार वा सार्वजनिक सेवा मात्र भ्रष्टाचारबाट गाँजिएको नभएर निजी क्षेत्र समेत यसबाट अछुतो छैन। सरकारी निकायले ठूलो परिमाणमा आर्थिक कारोबार गर्छ र यसको व्यवस्थापन, नियन्त्रण एवं नियमन राष्ट्रसेवकद्वारा हुन्छ। यसै मेसोमा राष्ट्रसेवकले सर्वसञ्चित कोष गबन गर्न र सेवाग्राहीबाट रिस्वत लिन सक्छन्। सत्य के पनि हो भने आफ्नो काम गराउन निजी क्षेत्र वा कम्पनी विशेष राष्ट्रसेवकलाई रिस्वत दिन तयार हुन्छन्। गैरकानुनी कामको लागि हैन वास्तविक र विधिसम्मत कार्यका लागि पनि लिएमा वा दिनु पर्दा विडम्बनापूर्ण हुन्छ। आर्थिक सदाचार वा इमान्दारी सत्यनिष्ठाको एक अनिवार्य हिस्सा हो। प्रत्येक राष्ट्रसेवकले सत्यनिष्ठाको शपथ खाएको हुन्छ। प्रत्येक राष्ट्रसेवकमा हुनु पर्ने आधारभूत गुण सत्यनिष्ठा हो। प्रत्येक राष्ट्रसेवकबाट सत्यनिष्ठाको अपेक्षा सेवाग्राहीले राखेको हुन्छ। सत्यनिष्ठा इमान्दारीमा मात्र सीमित नभएर आधारभूत नैतिक मूल्य, समयमा काम गर्ने प्रतिवद्धता र आफ्नो जिम्मेवारी वा क्षेत्राधिकारभित्र गलत वा अनियमित काम गर्न नदिनु वा निषेध गर्नसक्नु हो, गलत भएमा जिम्मेवारी लिनु हो। यो भनेको सबै परिस्थितिमा कानुनको शासन लागू गर्नु हो जसबाट समग्र शासन संरचना जसले सेवाग्राहीलाई न्याय दिन्छ र गलत काम गर्नेलाई सजाय गर्छ। निजी लाभका लागि सार्वजनिक कार्यालय वा स्रोतसाधनको उपयोग गर्नु भ्रष्टाचार हो। सुशासनको सार सार्वजनिक सेवाको भ्रष्टाचारमुक्त वितरण हो। भ्रष्टाचारका लागि कुनै एक मात्र कारण पत्ता लगाउन मुश्किल छ। आजको भौतिकवादी समाजमा मानिस धेरैभन्दा धैरै धनार्जन गर्न र कानुनी रुपमा नमिल्ने भएपनि उच्च जीवनस्तरको आनन्द लिन चाहन्छन्। यो व्यक्ति विशेषको मूल्य (भ्यालुज) र चरित्रको मामिला हो र भ्रष्टाचारको प्रमुख कारण पनि। आम मानिस र खास गरी राष्ट्रसेवकको मूल्य व्यवस्थामा गिरावट आएको छ। सही गलत मुद्दा (इसु)मा व्यक्तिलाई मार्गदर्शन गर्ने मूल्य-मान्यताहरू नै हुन्, त्यससिबाय अरू कुनै ध्रुवतारा छैन।

सत्ताको मनलागी प्रयोग गर्ने प्रवृत्ति भ्रष्टाचारको पहिलो कारक हो। भ्रष्टाचारले आर्थिक विकासको गति धिमा पारिदिन्छ। हाम्रो समाजमा सत्ता केहीको हातमा केन्द्रित छ। अर्थव्यवस्था केन्द्रिकृत छ। राज्यले अनुदान (सबसिडि) दिने नीति छ। राज्यद्वारा सालबसाली अरबौं रुपियाँको बस्तु र सेवाको खरिद हुन्छ। राजश्वको ठूलो अंश बस्तुको आयात बिन्दुमा लगाइएको भन्सार महशुलमा निर्भर छ, महशुल निर्धारण बस्तुनिष्ठ हुँदैन। अधिकांश आयकर निर्धारण स्वविवेकमा हुन्छ। स्रोतसाधनको बाँडफाँट र लाभार्थी उन्मुख विकास कार्यक्रम वितरण गर्न केहीलाई स्वविवेक प्राप्त छ। जानीबुझी निर्णय गर्नमा धिङ्न्याइ गर्नाले आर्थिक विकासलाई प्रतिकूल असर पार्छ। सार्वजनिक स्रोत र साधनको प्रयोग र वितरणमा सहभागिता र साझेदारी अभावले सर्वसाधारणलाई जानकारी हुँदैन, चासो र सरोकार राखिदैन। सामान्यतः सरकारी कामकाज गोप्य रहन्छ वा अनुकूलका सूचना चुहाउने र प्रतिकूलका लुकाइन्छ। प्रतिस्पर्धा र पारदर्शिताले भ्रष्टाचार कम गर्छ। विकेन्द्रीकरण र 'डिभोल्युसन'ले एकभन्दा बढी व्यक्ति वा निकायमा राज्यशक्तिको बाँडफाँट हुन्छ र भ्रष्टाचारमा कमी आउँछ।

भ्रष्टाचारप्रति सामाजिक दबाव कम भएकोले भ्रष्टाचारमा लिप्त हुन सजिलो छ। भ्रष्टाचारीका लागि भ्रष्टाचार कम जोखिम र उच्च लाभप्रद गतिविधि हो। भ्रष्टाचारको मामलालाई गम्भीरतापूर्वक लिएर ढिलाइ नगरी अनुकरणीय दण्ड दिने हो भने भ्रष्टाचार जोखिमयुक्त क्षेत्र हुने थियो र मानिसहरू यसबाट परै बस्थे। भ्रष्टाचार अपवाद नभएर आम भएको छ, नियम भएर गइरहेको छ। राष्ट्रसेवकलाई आफ्नो आर्जनसँग अस्वाभाविक हुने गरी कमाईको प्रदर्शन गर्न हिचकिचाहट छैन। राष्ट्रसेवकले एकभन्दा बढी घर-घडेरी जोड्नु, शेयर खरिद गर्नु र त्यसैलाई बढे बढाएको देखाउनु, छोराछोरी विदेश पढ्न पठाउनु र उनीहरूले कमाएर पठाएको भनेर देखाउनुलाई समाजले खोजीनीति गर्दैन। सरकारी सेवकले प्राप्त गर्ने वेतन र अन्य सुविधा निजलाई "मर्न पनि नदिने बाँच्न पनि नसक्ने" छ तथापि मानिसहरू निजी क्षेत्रमा राम्रो गरिरहँदा समेत सरकारी सेवामा प्रवेश गर्न लालायित हुन्छन्। यो भनेको सेवा प्रवेश गर्नु अगावै वृत्ति (क्यारियर)को आरम्भदेखि नै 'कमाउने मनसाय' लिई सेवा प्रवेश गर्नु हो। भ्रष्टाचार कम गरी सुशासन कायम गर्न संविधान, ऐन, नियम/निर्देशिका, कार्यविधि, रणनीतिक योजना, राष्ट्रिय कार्ययोजना जस्ता कानुनी र प्रशासनिक संरचना र तिनलाई क्रियाशील पार्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, महान्यायाधिवक्ता जस्ता संवैधानिक र राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना आयोग, राजश्व र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागजस्ता कानुनी भ्रष्टाचारको निगरानी राख्ने (ओभरसाइट) एजेन्सीको कमी छैन। संयुक्त राष्ट्रसंघले सन् २००३ मा ग्रहण गरी सन् २००५ देखि कार्यान्वयनमा आएको भ्रष्टाचारबिरुद्ध महासन्धीको नेपाल पक्ष राष्ट्र रहिआएको छ। अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल समेतका भ्रष्टाचार बिरोधी नागरिक संस्थाहरू सर्वसाधारणलाई भ्रष्टाचारका बारे शिक्षित, जागरुक र आन्दोलित गर्न लागिपरेकै छन्। प्रत्येक सरकारी कार्यालयमा प्रवेशपछि देखिने भनेको भ्रष्टाचार बिरोधी स्टिकर, ब्यानर र सुशासनका प्रतिबद्धताहरू हुन्छन्। राजनेता वा उच्च पदस्थहरू सार्वजनिक सभा, सम्मेलनमा बोल्नुपर्दा पहिलो दस मिनेट भ्रष्टाचारको विरुद्ध र सुशासनको महत्वका बारे बखान गरेपछि मात्र आफ्नो बिषयमा प्रवेश गर्ने चलन सामान्य छ। यी सबैका बाबजुद भ्रष्टाचार घटेको छैन, भ्रष्टाचारको अन्तर्राष्ट्रिय इन्डेक्सको १८० राष्ट्रमा नेपाल ११० औ स्थानमा छ। नेपालमा भ्रष्टाचारसँग जोडिएका अनेक खाले मिथकहरूलाई खण्डित गर्न आवश्यक छ। जस्तै, हाम्रो समाजमा भ्रष्टाचार जीवन पद्धति बनिसक्यो, अब यसलाई केही गर्न सकिदैन; लोकतन्त्रमा भ्रष्टाचार रहिरहन्छ, उन्मुलन गर्न निरंकुश शासन चाहिन्छ; नेपाल जस्तो गरिब अविकसित देशका गरिब मानिस बेइमान र अबिश्वासिला हुन्छन् र सरलसँगै लालच देखाउँछन्; भ्रष्टाचार गरिब र अशिक्षित मुलुकमा बढी हुने गर्छ; कर्मचारीको तलब बढाएपनि भ्रष्टाचार घटदैन, महँगी मात्र बढ्छ; भ्रष्टाचार हुनुमा राजनीति मात्र जिम्मेवार छ इत्यादि।

हाम्रो प्रणालीमा भ्रष्टाचार गर्ने तरिकाहरूमा सबैभन्दा प्रचलित पैसा नदिएसम्म कामै नहुने पहिलो छ। काम विशेषको फाइल सदर गराएर मात्र हुने काम वैध वा अवैध जे भएपनि सम्बन्धित कर्मचारीलाई निश्चित राशि नदिएसम्म त्यो फाइल 'पेश' नै गरिदैन। रिस्वत उपलब्ध गराएपछि फाइल सम्बन्धित अधिकारी वा निकायसमक्ष छिटो छिटो गरेर पुग्छ र प्रक्रिया पूरा गरेर 'सदर' गरिन्छ। यसलाई 'स्पिड मनी' भन्न सकिन्छ र त्यसबाट सो फाइलमा संलग्न सबै 'लाभान्वित' हुन्छन्। सेवाग्राही पैसा दिन विवश नभएसम्म फाइल कारबाहीको उठान नै गरिदैन र गरिएमा पनि यो कागज वा यो प्रक्रिया पूरा भएको छैन भन्नेजस्ता अडङ्गाहरू कर्मचारीले लगाइरहन्छन्। अर्को प्रकारको भ्रष्टाचार नियमित कमिसनको असुली हो जसमा प्रत्येक भुक्तानी वा विनियोजित बजेटको निश्चित राशि उच्च पदस्थहरू बीच साझेदारी गर्नुपर्छ। यसलाई सार्वजनिक सेवामा नियमित अभ्यासको रुपमा लिइन्छ। यो एकदमै सर्वप्रिय रुपमा प्रचलित छ र कानुन कार्यान्वयन गर्ने प्रशासकको दक्षता प्रदर्शनलाई यसले प्रभावित गर्दैन भन्ने दाबी गरिन्छ। कमिसनको सामान्यीकरण गर्नु आत्म भ्रमको अभ्यास मात्र हो। कमिसन असुलीले उच्च पदस्थको नैतिक अधिकार कमजोर हुन्छ, दक्षता प्रदर्शनमा प्रतिकूल प्रभाव पर्छ र निजले भ्रष्ट अधिनस्थका विरुद्ध कारबाही गर्ने मनोबल गुमाउँछ। अर्को प्रकारमा सम्बन्धित अधिकारी कुनै कुरा माग्दैन, आफ्नो काम योग्यता र बलबुताले भ्याएसम्म गरिरहन्छ तर लगनशील भएर काम गरेबापत भनेर सम्बन्धितबाट धन्यवाद दिने प्रतीकको रुपमा महँगो वस्तु वा पैसा उपहार प्राप्त गर्छ। कुनै निर्माण कार्यको ठेक्का प्रक्रिया विधिसम्मत हुन्छ तर निर्माणमा हुनुपर्ने निर्धारित मानकमा आँखा चिम्लिइन्छ। सबै प्रकारको भ्रष्टाचारमा शून्य सहनशीलता आवश्यक छ। एक जना कार्यालय प्रमुख इमानदार भएर मात्र पुग्दैन आफूअन्तर्गतको विभाग वा कार्यालयमा भइरहेको भ्रष्टाचारको जिम्मेवारी पनि निजैको भागमा पर्छ।

भ्रष्टाचारको अर्को प्रकारमा राम्रा विकल्पहरूको बाबजुद कुनै पक्ष विशेषलाई मात्र मिल्ने, हुने, दिने र पर्ने मिलेमतोमा सेवा वा वस्तु विशेषको विवरण (स्पेशिफिकेसन्स) तयार पारी बाँकी प्रक्रिया रीतपूर्वक घटाघट वा बढाबढ गराई खरिद गर्ने ठेक्का दिनु वा लिलामी गर्नु हो। एवंरीतले उद्यम शुरु गर्दा विभिन्न निकायहरूको सिफारिस (क्लियरेन्स) र स्थानीयबासीको सहमतिसहितको वातावरणीय परीक्षण प्रतिवेदन चाहिन्छ। यस्तो वातावरणीय परीक्षणको व्यवहारिक उपयोगिता छैन र यो फगत कागजी प्रक्रियामा सीमित छ भन्ने जानकारी सबैमा भएरपनि उद्यमीले गर्नैपर्दा आर्थिक व्ययभार थपिएको छ र अन्ततः उपभोक्ताले बेहोर्नुपर्छ। विज्ञको नाम राखेर स्थलगत अवलोकन गरेको देखाइ यस्ता प्रतिवेदन कोठामा तयार पारिन्छन्। यसले यसमा संलग्न निकायहरूको छवि र कार्यकुशलताप्रतिको सर्वसाधारणको विश्वासलाई क्षय पुऱ्याएको छ।

लोकतन्त्रमा निर्वाचित राजनीतिक कार्यपालिका शासन संरचनाको शीर्षमा हुन्छ। हाम्रो प्रणालीमा निर्वाचित हुन धेरै धन खर्च गर्नुपर्छ जसको कुनै हिसाब हुँदैन। निर्वाचित हुँदा भएको खर्च वा सोभन्दा बढी कमाउने कोशिस गर्नुपर्नाले सरकारी कामकाजमा अवाञ्छित हस्तक्षेप हुन्छ र भ्रष्टाचार हुन्छ। अर्कोतिर कर्मचारीलाई सजिलो हुनेगरी कानुनको निर्माण, ब्याख्या र कार्यान्वयन गरिन्छ। दैनन्दिनी प्रयोगका कानुन द्विअर्थी, आपसमा बाझिएका र अस्पष्ट छन् जसको आडमा कर्मचारी काम छल्छन् वा आफू अनुकूल निर्णय गर्छन्। राष्ट्रसेवकले गरेको वा नगरेको कार्यको परिणामस्वरुप राजश्व खति भएमामात्र खति भएको राजश्वलाई बिगोमा परिणत गरी त्यति बराबरको भ्रष्टाचार गरेको भन्ने आधार लिई निजलाई जवाफदेही बनाउने अभ्यास छ। तर, कानुनले तोकेको जिम्मेवारी कुशलतापूर्वक सम्पादन नगरेका कारण जनसाधारण वा राज्यलाई पुगेको क्षतिका लागि जिम्मेवार ठहऱ्याउने कानुनको अभाव छ। अतः सूत्रमा "एकाधिकार+स्वविवेक-जवाफदेही = भ्रष्टाचार" भएकोले प्रतिस्पर्धा बढाएर, स्वविवेक कम गरेर जवाफदेही लागू गरेपछि भ्रष्टाचारमा कमी हुन्छ।








प्रतिदिन वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र, पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## आजको राशिफल

**मेष** — निर्णय कार्यान्वयन हुन सक्दैनन्। आत्मबलमा कमी आउने छ।

**वृष** — मनमा दुबिधा उत्पन्न हुनेछ। मतिभ्रष्ट हुने समय छ, सचेत रहनु होला।

**मिथुन** — आज सजिलै अरूको मन जित्न सकिनेछ। आफन्तको प्रगतिमा मन रमाउनेछ।

**कर्कट** — आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ।

**सिंह** — आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। रोकिएको धन हात पर्ला।

**कन्या** — कला र गलाको प्रभाव बढ्नेछ। प्रेमीको सहयोग प्राप्त हुनेछ।

**तुला** — न्यायिक कार्यमा सफलता मिल्नेछ। आँटेको र ताकेको कार्य पुरा होला।

**वृश्चिक** — आज रोकिएको अधुरो कार्यले पूर्णता पाउनेछ। शुभकार्यको चर्चा चल्नेछ।

**धनु** — आज शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** — आज टाउको एवं आँखा दुख्ने समस्या बढ्न सक्छ। मालसामान पनि हराउन सक्छ।

**कुम्भ** — आज धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। कला र गलाको प्रभाव बढ्नेछ।

**मिन** — नयाँ ज्ञान सिक्ने मौका र रोजगारको अवसर पनि मिल्नेछ। कार्य क्षेत्रबाट विशेष सफलता